# ‘वस्तु परक ढंगले पात्रहरूद्वारा जीवन्तता दिनसक्नु निर्देशन हो’

सुदूरपश्चिम पुनर्वासमा जन्मिनुभएका अशोक विक यतिबेला काठमाडौंलाई कर्मथलो बनाएर आफ्ना क्रियशन श्रोतामाझ पस्किरहनुभएको छ । उहाँले निर्देशन गर्नुभएका धेरै गीत दर्शकमाझ लोकप्रिय छन् । कुनै पनि गीत सफल र लोकप्रिय हुनका लागि जति संगीतकार, गीतकार, गायक/गायिका, एरेन्जरको भूमिका रहन्छ भिडियोतर्फ निर्देशकको भूमिका पनि त्यतिकै महत्त्वपूर्ण रहेको उहाँको भनाइ छ । कुनै पनि गीतलाई, कथालाई वस्तु परक ढंगले पात्रहरूद्वारा जीवन्तता दिनसक्नु निर्देशन हो भन्नुहुने **अशोक विक**सँग हिमालय टाइम्सका लागि **गीता अधिकारी**ले गर्नुभएको कुराकानीको संक्षिप्त अंश:-



अशोक विक- नृत्य निर्देशक

**■ यतिबेला केमा व्यस्त हुनुहुन्छ ?**

म म्युजिक भिडियोतिर व्यस्त छु । केही प्रोग्राम गरिरहेको हुन्छु ।

**■ यो क्षेत्रमा कसरी प्रवेश गर्नुभयो ?**

मेरो दाइ मेरो जेठा बुबाको छोरा गायक भन्छु भनेर काठमाडौं आउनुभएको थियो । म पनि पहिलैदेखि कलकार हुनपर्छ भनेर सोच बोकेर हिँडेको । दाजु काठमाडौं आएको एक वर्ष भएको थियो । दाइ यहाँ एक्लै भएका कारण मलाई बोलाउनुभयो । काठमाडौं आएपछि आफ्नो उद्देश्यतिर लाग्नुपर्छ भनेर नृत्य सिकाउने ठाउँ खोज्दै जाँदा कृष्ण फिल्मस्मा पुगे । धेरै जनासँग परिचय हुँदै गयो । यसरी म यो क्षेत्रमा प्रवेश गरे ।

**■ यहाँले हालसम्म कतिजति आफ्ना प्रस्तुति ल्याउनुभयो ।**

मैले गरेका कामको संख्या भनुपर्दा ६२१ जति रहेको छ

**■ यो क्षेत्रमै लाग्नुको कारण ? यो क्षेत्रमा लागेर के पाए जस्तो लाग्छ ?**

मेरो सानैदेखि नृत्यक्षेत्रमा विशेष लगाव थियो र यो क्षेत्रमा आए । एउटा सफल नृत्य निर्देशक बन्छु भन्ने थियो । यो क्षेत्रमा लागेर पैसाका साथै नाम र इज्जत पाएको छु कि !

**■ निर्देशन गर्दा कत्तिको चुनौती आउँछन् ?**

निर्देशक गर्दा चुनौती छ । त्यसो त हरेक फिल्डमा चुनौती आउँछन् । आफ्ना हरेक प्रस्तुतिमा अझ राम्रो कसरी गर्ने भन्ने हुन्छ ।

**■ कुनै पनि गीत सफल हुन निर्देशको कस्तो भूमिका हुन्छ ?**

कुनै पनि गीत सफल हुन, लोकप्रिय हुनका लागि जति संगीतकार, गीतकार, गायक/गायिका, एरेन्जरको भूमिका रहन्छ भिडियोतर्फ निर्देशकको भूमिका पनि त्यतिकै महत्त्वपूर्ण हुन्छ । यो सामूहिक काम हो । सबैले राम्रो गर्नसक्दामात्र एउटा राम्रो प्रस्तुति श्रोता/दर्शकमाझ आउँछ । गीतको भावअनुसार त्यसलाई प्रस्तुत गर्नसक्ने खुबी निर्देशकमा हुनुपर्छ भन्ने लाग्छ ।

**■ अशोक विक को हो ?**

अशोक विक साधारण व्यक्ति हो । सबैसँग मिल्न सक्ने व्यक्ति, जस्तोसुकै परिस्थितिलाई पनि स्वीकार गर्नसक्ने व्यक्ति हो जस्तो लाग्छ आफैंले आफैंलाई भन्नुपर्दा ।

**■ लामो समयदेखि यो क्षेत्रमा हुनुहुन्छ, कस्तो पाउनुभयो ?**

हो, म केही समयदेखि यो क्षेत्रमा छु । राम्रै भइरहेको छ । राम्रा-राम्रा काम गर्ने अवसर जुरेको छ । सबैको साथ सहयोग र मिहिनेतले राम्रै भइरहेको छ भन्नुपर्ला । कस्तो पाउनुभयो भन्नाले सबै क्षेत्रमा राम्रा र नराम्रा पक्ष त हुन्छन् । हामीले राम्रा पक्षलाई लिएर अघि बढ्ने हो ।

**■ तपाईंको पहिलो काम कति वर्षअगाडि थियो ?**

मेरो पहिलो प्रस्तुति आठ वर्षअघि थियो ।

**■ चलचित्र क्षेत्रमा पनि हुनुहुन्छ ?**

हो, केही चलचित्रमा नृत्य निर्देशन गरेको छु ।

**■ यहाँले यो क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै विभिन्न मान-सम्मान र पुरस्कार प्राप्त गरिरहनुभएको छ नि ?**

हो, यहाँले भनेजस्तै मलाई मेरा कार्यको कदर गर्दै विभिन्न मान-सम्मान र पुरस्कार प्राप्त भइरहेका छन् । स्पार्श म्युजिक भिडियो अवार्ड, ओएस नेपाल अवार्ड, संगीत उद्योग संघबाट इपिक अवार्ड, बक्स सम्मानलगायत प्राप्त भएका छन् ।

**■ हालको समयसम्म आइपुग्दा यहाँले धेरै गीतमा आफ्नो निर्देशकीय कौशल प्रस्तुत गर्नुभएको छ, तर आफूलाई निर्देशक भनेर कुन गीतले चिनायो भन्ने लाग्छ ?**

हो, यहाँले भनेजस्तै मैले धेरै गीतमा निर्देशनमा गरेको छु । अधिकांश गीतले श्रोता/दर्शकको माया पाउन सफल भएका छन् । मलाई निर्देशक भनेर चिनाउने गीतमा ती सबै छन् । तर केहीको नाम लिनुपर्दा ‘ जाउँला कान्छी, जल जला, सुन छहरी’ लगायत छन् ।

**■ यहाँ पूर्णरूपमा नेपाली कलाक्षेत्रमा समर्पित मान्छे नढाटिकन भन्नुपर्दा यो क्षेत्रमा पूर्णकालीन भएर जीविकोपार्जनमा कत्तिको कठिन छ ?**

राम्रोसँग चलेकालाई राम्रै छ नचलेकालाई गाह्रो छ होला । मेरो कुरा गर्नुपर्दा नेपाली कलक्षेत्रबाहेक मेरो अन्य कुनै काम छैन । कतिपयले अन्य कारोबार गरिरहेको पाइन्छ । मैले यो क्षेत्रबाहेक अरू केही सोचिनँ ।

**■ निर्देशन गर्न कतिको गाह्रो काम हो ?**

निर्देशन भनेको चलचित्रको टिम क्याप्टेन हो । एउटा राम्रो प्रस्तुति श्रोतासम्म आइपुग्नका लागि सम्पूर्ण टिमको उतिकै मिहिनेत जरुरी हुन्छ । तर, पनि के हो भने टिम क्याप्टेन भएपछि उसले सबै कुरालाई ध्यान दिनु जरुरी हुन्छ । निर्देशकसँग प्रशस्त तत् सम्बन्धी ज्ञान तथा अनुभव हुनुपर्छ भन्ने लाग्छ, मलाई एक्सन कटमात्र निर्देशन होइन ।

**■ निर्देशन के हो ?**

एउटा मुक कथालाई जीवन्त बनाउने शैली हो निर्देशन । यसभित्र थुप्रै पाटाका हुन्छन् । तथापि कुनै पनि गीतलाई, कथालाई वस्तु परक ढंगले पात्रहरूद्वारा जीवन्तता दिनसक्नु निर्देशन हो । एउटा राम्रो निर्देशकभित्र नयाँ-नयाँ कुरा दिनसक्ने खुबी हुनुपर्छ । नवीन कला हुनुपर्छ ।

**■ नेपाली कला क्षेत्रको अहिलेको अवस्था कस्तो छ ?**

पहिलेभन्दा सुधारिएर गएको महसुस गर्छु । हाम्रा प्रस्तुति पनि स्तरीय बन्नेक्रम बढेको छ । निक्कै सिर्जनशील काम थालेका छन् अहिले । यसको बजार विस्तार भइरहेको छ । अहिले देशमात्र होइन विदेशमा पनि यसको लगाव बढेर गएको छ । यो सुखद् पक्ष हो ।

# ११औं संस्करणको नेपाल अफ्रिका फिल्म फेष्टिबल सम्पन्न

**हिमालय टाइम्स**

काठमाडौं, २६ असार




११औं संस्करणको नेपाल अफ्रिका फिल्म फेष्टिबल सम्पन्न भएको छ । फेष्टिबलमा दिनेश राउतको चलचित्र प्रकाश उत्कृष्ट भएको छ । प्रकाशबाटै विकास सुवेदीले सर्वोत्कृष्ट स्कृप्टको अवार्ड, प्रकाश चलचित्रकै मान्छे मान्छे गीतबाट एलिस कार्कीले उत्कृष्ट संगीतकारको अवार्ड हातपार्न सफल भएका छन् ।

काठमाडौंको नाचघरमा प्रदर्शन भएका चलचित्रबाट विभिन्न उत्कृष्ट विधामा अवार्ड प्रदान गरिएको हो । कार्यक्रममा सर्वोत्कृष्ट अभिनेताको अवार्ड चलचित्र प्रेमगञ्जबाट तेज गिरीले र सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड चलचित्र भाग्यबाट अभिनेत्री निता ढुंगानाले प्राप्त गर्नुभयो । गीति चलचित्र भाग्यले जुरी अवार्ड पायो भने भाग्यबाटै रोशनकुमार श्रेष्ठले सर्वोत्कृष्ट निर्देशकको अवार्ड, भाग्यबाटै अभिनेता यसराज (सुरज) गराचले अभिनेता तर्फको जुरी अवार्ड र सुनिल कटुवालले सहअभिनेताको अवार्ड जित्न सफल हुनुभयो । सर्वोत्कृष्ट सह अभिनेत्रीको अवार्ड चलचित्र परिवारबाट बसुन्धरा भुसालले हाँसिल गर्नुभयो ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति तथा अग्रज संगीतकार शम्भुजीत बाँस्कोटाको प्रमुख आतिथ्यमा भएको समापन समारोहमा वेष्ट सिनेमाटोग्राफरको अवार्ड फिल्म हुक्काबाट कृष्णबहादुर थापाले, वेष्ट एडिटरको अवार्ड फिल्म परिवर्तन (द चेञ्ज) बाट वीरन्द्र भाट विपिनले हाँसिल गर्नुभयो ।

यस्तै वेष्ट सर्ट फिल्मको अवार्ड प्रद्युम्न मिश्र निर्देशित फिल्म दुविधाले र बेस्ट डक्युमेन्ट्रीको अवार्ड रोशनी केसी निर्देशित बृत्तचित्र डेडिकेसन (समर्पण)ले र वेष्ट स्टुडेन्ट फिल्मको अवार्ड नेपाल फिल्म क्याम्पसका सामलकुमार बज्राचार्यले फिल्म ‘हावाम्यान’बाट जित्नुभयो ।

राष्ट्रियतर्फको निर्णायकमा अग्रज चलचित्र निर्देशक सत्यराज चौलागाईं, गायकद्वय नमराज ढुंगाना, नारायण थापा, अग्रज एरेञ्जर अमोस तामाङ र ध्वानि सम्पादक मनोज परियार हुनुहुन्थ्यो ।

अन्तर्राष्ट्रियतर्फ घानाको सर्ट फिल्म ‘या’बाट निर्देशक इसी ह्यामोहले जुरी अवार्ड जित्नुभयो । बेस्ट अफ्रिकन डक्युमेन्ट्रीको अवार्ड जिम्वावेको डक्युमेन्ट्री ‘कलिङ द डेड’ले हाँसिल गर्दा केन्या र जर्मनको कात्जा बेनरज निर्देशित सर्ट फिल्म ‘वाटु वाटो’ले वेष्ट अफ्रिकन सर्ट फिल्मको अवार्ड हाँसिल गऱ्यो । लिसिनियो एजेभेदो निर्देशित मोजाम्बियाको फिल्म ‘द ट्रेन अफ साल्ट एण्ड सुगर’ले सार्वोत्कृष्ट अफ्रिकन फिचर फिल्मको अवार्ड चुम्यो ।

नायक अभिनेता आर्यन सिग्देल, निर्देशक सुदर्शन थापा, कान्तिपुरका कपी एडिटर पारस प्रकाश नेपाल, गायिका तथा संगीतविज्ञ झुमा लिम्बू र अभिनेता/गायक तथा फेसन टोक्नोलोजी विशेषज्ञ फुपु तेन्जिङ शेर्पा अन्तर्राष्ट्रिय अफ्रिकन फिल्मको निर्णायकमा हुनुहुन्थ्यो । सोही कार्यक्रममा अन्तर्राष्ट्रिय इभेन्ट डिरेक्टर निशु कान्त झा, अन्तर्राष्ट्रिय मेकअप आर्टिष्ट सुष्मा पौडेल (गीता) र संगीतकार सरोज कोइरालालाई सम्मानित गरिएको थियो । कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेशनको आयोजना तथा चलचित्र विकास बोर्ड र लिक्षण क्रियसन प्रालिको सहआयोजनामा सम्पन्न यो समारोहमा अन्तर्राष्ट्रिय तर्फ ११ का दशवटा अफ्रिकन फिल्म र राष्ट्रियतर्फ नेपालका १२ वटा गरी कुल २२ वटा फिल्म प्रदर्शन गरिएको थियो ।

महोत्सवमा वीरेन्द्र हमालले माईम एक्टसम्बन्धी एक दिवसीय अभिनेया प्रशिक्षण विभिन्न १८ जनालाई दिनुभयो । यस्तै महोत्सवको दोस्रो दिन नेपाली सर्ट फिल्मको अन्तर्राष्ट्रिय बजार विषयमा भएको अन्तर्क्रियामा चलचित्र विकास बोर्ड सदस्य राजु केसी, यो महोत्सवका कोअर्डिनेटर चिरञ्जीवी गुरागाईं, निर्देशक तथा समीक्षक मनोज पण्डित, सर्ट फिल्म निर्माता सुसान्त श्रेष्ठ वक्ता हुनुहुन्थ्यो । अन्तर्क्रियालाई सञ्चारकर्मी विष्णु सुवेदीले सहजीकरण गर्नुभएको थियो ।

समारोहमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति तथा अग्रज संगीतकार शम्भुजित बाँस्कोटाले यस्तो अन्तर्राष्ट्रिय महोत्सवलाई सरकारले विशेष सहयोग गर्नुपर्ने बताउनुभयो ।

यस्तै नेपाल फिल्म सोसाइटीका अध्यक्ष कृष्ण मल्लले एउटा फरक अन्तर्राष्ट्रिय फिल्म महोत्सवका रूपमा नेपाल अफ्रिका फिल्म फेष्टिबल स्थापित भएको जिकिर गर्नुभयो ।

आयोजक संस्था कलेज अफ जर्नालिज्मकी प्रिन्सिपल एवं फेष्टिबल डिरेक्टर डा.मञ्जु मिश्रले अफ्रिकाले आफूहरूलाई वेवस्ता गर्दा पनि नेपालमा महोत्सव गर्दै आएको छु भनिन् । निर्माता संघका अध्यक्ष नवल खड्का, निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली, कलाकार संघका महासचिव सविन श्रेष्ठ, कोशी प्रदेशकी सांसद मीना श्रेष्ठलगायतले नेपालमा बसेर सिने प्रेमीलाई अफ्रिकन फिल्मको स्वाद यो महोत्सवले दिँदै आएको बताउनुभयो ।

महोत्सवका म्यानेजर डब्बु क्षत्रीले आर्थिक अभावका कारण पनि आफूहरूले यो महोत्सवलाई आफ्नै खर्चमा यहाँसम्म ल्याउन सकेको बताउनुभयो । महोत्सवबाट अफ्रिका महाद्वीप र बारिहका सिनेकर्मीले अफ्रिकामाथि बनेका उत्कृष्ट फिल्मलाई देखाउने गरेको क्षत्रीले जानकारी गराउनुभयो ।

# अञ्जु र प्रतापको स्वरमा ‘आमा–२’

**हिमालय टाइम्स**

काठमाडौं, २६ असार



अञ्जु पन्त र प्रताप दासको स्वरमा रहेको गीत ‘ आमा २’ सार्वजनिक भएको छ । सुदन खत्रीको शब्द, रोशन सिंहको संगीत र विशाल निरौलाको एरेञ्ज रहेको गीतको भिडियो सार्वजनिक भएको हो ।

राहुल बराइलीको कथा र निर्देशन रहेको गीतको भिडियोमा जिम्बे राई, रश्मी भट्ट र मदन थापाको अभिनय छ । गीतमा विदेशिन बाध्य युवाहरूको पीडा र ऋण तिर्न नसकेर साहुले गरेको अत्याचारलाई चित्रण गरिएको छ । गीतको भिडियो रनभ इन्टरटेन्मेन्ट युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

# निवासमै सम्मान



**हिमालय टाइम्स**

काठमाडौं, २६ असार

राष्ट्रिय स्रष्टा तथा प्रस्तोता प्रतिष्ठानले अनवरत रूपमा आ-आफ्नो क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउनुभएका स्रष्टालाई निवासमै पुगेर ‘विशिष्ठ साधक सम्मान २०८०’ प्रदान गरेको छ । विगत तीन दशकभन्दा बढी समयदेखि गीतसंगीतको क्षेत्रमा योगदान पुऱ्याउनुभएका लोकगायक तथा नेपालको मौलिक बाजावादक खड्गप्रसाद गर्वुजा, विशिष्ठ चित्रकार शशिविक्रम शाह र नेपालको पहिलो रंगीन चलचित्र ‘कुमारी’की नायिका विशिष्ठ चलचित्रकर्मी चैत्यदेवी सिंहलाई उहाँहरूकै बासस्थानमा पुगेर नगद र सम्मान पत्रसहित सम्मान गरेको हो ।

सो अवसरमा संस्थाका सल्लाहकार वरिष्ठ संगीतकार राजु सिंह, वरिष्ठ संगीतकार सुरेश अधिकारी, समाजसेवी, साहित्यकार नमस्तेलाल श्रेष्ठ, चित्रकार ज्योतिप्रकाश साथै सुभम सैजुले यसरी स्रष्टा साधकहरूलाई उहाँहरूकै बासस्थानमा पुगेर सम्मान गर्नुभनेको कला क्षेत्रकै सम्मान भएको बताउनुभयो । संस्थाले आफ्नो वार्षिकी कार्यक्रमअन्तर्गत यो कार्यक्रम गरेको जनाएको छ । कार्यक्रमका संयोजक संस्थाका अध्यक्ष राजेन्द्र बजगाईं, उपाध्यक्ष उषा उप्रेती, महासचिव दीपक शर्मा, कोषाध्यक्ष नारायणबहादुर थापा सदस्यहरू भद्र वली, पुष्कर सुनुवार, मनोज परिवार, बेनिशा पौडेल, प्रतिक्षा काफ्ले, उत्तम अधिकारी, रीता केसी, सिलन लम्साल, सविन सुवेदी, माइकल चन्द, फोटोग्राफर देवराज आचार्य, गीता पाण्डे र संस्थाका आजीवनसदस्य गोपाल ढकाल (छन्दे)लगायतको उपस्थिति थियो ।

कार्यक्रमलाई संस्थाका महासचिव दीपक शर्माले सहजीकरण गर्नुभएको थियो । यस्ता कार्यक्रमलाई निरन्तर गर्दै जाने संस्थाका अध्यक्ष राजेन्द्र बजगाईंले जानकारी गराउनुभयो ।

# मणिपुर हिंसामा १४२ नागरिक मारिए

**रासस/सिन्ह्वा**

नयाँदिल्ली, २६ असार

भारतको उत्तरपूर्वी राज्य मणिपुरमा विगत दुई महिनामा भएका हिंसामा १४२ जनाको मृत्यु भएको स्थानीय सरकारले जनाएको छ । मणिपुरका मुख्यसचिवले भारतको सर्वोच्च अदालतमा प्रस्तुत गरेको प्रतिवेदनमा हिंसा प्रभावित राज्यमा १४२ जनाको ज्यान गएको उल्लेख छ ।

गत मेदेखि राज्यमा आगजनीका पाँच हजार घटना भएका तथा इम्फाल पूर्व र इम्फाल पश्चिमका जिल्लामा सबैभन्दा धेरैले ज्यान गुमाएका उल्लेख गरिएको छ ।

राज्यमा शान्ति सुव्यवस्था कायम गर्न तथा स्थितिलाई नियन्त्रणमा राख्न पाँच हजार ९९५ फष्ट इन्फर्मेशन रिपोर्ट (एफआईआर) दायर गरिएको र ६ हजार ७४५ जनालाई हिरासतमा लिइएको मुख्यसचिवले प्रतिवेदनमा उल्लेख गरेका छन् । स्थानीय सरकारले पनि राज्यमा शान्ति कायम गर्न अर्धसैनिक बलका १२४ कम्पनी र भारतीय सेनाको १२४ टोली परिचालन गरिएको जनाइएको छ । उत्तरपूर्वी राज्य मणिपुरमा मे ३ तारिखदेखि जारी जातीय दंगामा ती हजारभन्दा बढी घाइते भएका छन् भने ६० हजारभन्दा बढी विस्थापित भएका छन् ।

भीडले तोडफोड र आगजनी गर्ने क्रममा राज्यमा सयौं घर र पसल जलाएका छन् भने राज्यका अधिकांश भागमा निषेधाज्ञा जारी गरिएको छ । इन्टरनेटमा प्रतिबन्ध लगाइएको छ । मणिपुरमा शान्ति पुन:स्थापनाका लागि संघीय सरकारले हालसम्म गरेका प्रयासहरूले अपेक्षित परिणाम ल्याउन सकेको छैन ।

उक्त राज्यमा सोमबार भएको हिंसात्मक झडपमा एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् । गैरआदिवासी मेइतेई समुदायलाई अनुसूचित जनजातिको दर्जामा समावेश गर्ने निर्णयको विरोधमा हिंसा भड्किएको हो ।

# ‘लुङा’को ट्रेलरमा माया प्रेमसँगै, सामाजिक कथावस्तु



**हिमालय टाइम्स**

काठमाडौं, २६ असार

चलचित्र लुङा’ ट्रेलर सार्वजनिक गरिएको छ । साउन ५ गतेदेखि देशभरका सिनेमाघरमा आउने तयारीमा रहेको यो चलचित्रको सार्वजनिक दुई मिनेट लामो ट्रेलरमा माया प्रेमसँगै, सामाजिक कथालाई स्थान दिइएको छ ।

किरण राईको निर्देशनमा बनेको चलचित्रमा निर्माता सञ्जीव राई, प्रयास घिमिरे कार्यकारी निर्माता र शान्ता पौडेल, मनिशा पाठक, मेनुका घिमिरे, कैलाश राई, टि आर साम्सोहाङ सहनिर्माता रहनुभएको छ । पूर्वमा छायांकन गरिएको चलचित्रमा बुद्धि तामाङ, भुवनसिंह राई, सारा लोहोरुङ राई, भीम सेरमा लिम्बू, प्रकाश दाहाल, अनुप लिखिंम, सुदीपजंग कार्की, गंगाबहादुर राई, सम्झना लिम्बू, रमेश बुढाथोकी, निशान लुइँटेल, स्मृति पोखरेल, सलिना गुरुङको अभिनय छ ।

भूमिसा प्रोडक्सनसँग इष्टन मिडियाको सहकार्य रहेको चलचित्र ‘लुङा’मा बादल लिम्बू र अनिस श्रेष्ठको संगीत, राजेश पायल राई, मेलिना राई, रचना रिमाल, आयुश प्रधान, निमा तामाङको गायन, सागर अर्यालको ध्वनि संयोजन, मीना कार्कीको शृंगार, किरण राईको छायांकन तथा सम्पादन, पृष्ठभूमि संगीत शैलेन्द्र बाबु प्रधानको, निर्माण नियन्त्रक प्रयास घिमिरे, कलर अनिल राना, कला निर्देशन विमल लिम्बू र निशान लुइँटेलको छ । भुवनसिंह राईले लेखेको कथालाई भुवनसिंह राई, प्रयास घिमिरे र निश्चल सापकोटाले पटकथा सम्वाद छ । चलचित्रको डिजिटल पार्टनर ओएसआर डिजिटल रहेको छ ।

Gandaki Province Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office
Damauli, Tanahun

Invitation for Bids

Date of Publication: 2080/03/27 (2023/07/12)

Infrastructure Development Office, Tanahun invites online bids only under e-procurement system from eligible bidders for the construction of Project mentioned below under single stage two envelope National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp . All eligible bidders are requested to submit e-Bid only as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Bid Validity | Bid Security (NRs) | Bid Security Validity |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Kyangdi Khola Bridge in Piple, Shuklagandaki-10 & Bhimad-8, Tanahun | IDO/TANAHUN/NCB/W/37/079-080 | 5,000 | 90 Days( after the last deadline of bid submission | 17,50,000.00 | 30 days beyond bid validity period |
| 2 | Construction of Khahare Khola Bridge, Aabookhaireni 2 & 3, Tanahun | IDO/TANAHUN/NCB/W/31/079-080(RE) | 5,000 | 90 Days( after the last deadline of bid submission | 7,00,000.00 | 30 days beyond bid validity period |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| **Name of the Bank:-** Nepal Bank Ltd, Damauli, Tanahun<br>**Name of Office:-** Infrastructure Development Office, Tanahun<br>**Office Code No :-** 3370138034<br>**Office's Account No :-** 27302000001001000001<br>**Rajaswa (Revenue) Shrishak No.:-**14229 | **Name of the Bank:-** Nepal Bank Ltd, Damauli, Tanahun<br>**Account Name:-** Province Treasure Controller Office<br>**Office Code No.:-** 3370138034<br>**Office's Account No.:-** 06002000002003000001 |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको
श्री टिकापुर नर्सिङ्ग क्याम्पस टिकापुर न.पा.–१, टिकापुर, कैलालीको नाममा सम्बन्धन/स्वकिृती प्रमाण–पत्र तह नर्सिङ्ग कार्यक्रम हस्तान्तरण सम्बन्धमा ३५ दिने हकदावीको सम्बन्धी जरुरी सूचना !

दोस्रो पटक प्रकाशित मिति २०८०/०३/२७

यस परिषद्बाट प्रमाण-पत्र तह नर्सिङ्ग कार्यक्रम सम्बन्धन/स्वीकृती लिएको संस्था श्री टिकापुर नर्सिङ्ग क्याम्पस टिकापुर न.पा.१, टिकापुर, कैलालीले उक्त कार्यक्रम स्थगनमा परी वन्द भएका कारण श्री लालरत्न हेल्थ एकेडेमी लम्कीचुहा नगरपालिका वडा नं. ०१ को नाममा हस्तान्तरण गरी पूनः सञ्चालन गर्न पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा उल्लेखित संस्था र कार्यक्रम उपर कोही कसैको हकदावी विरोध उजुरी आदि भएमा अन्तिम सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण लिखित जानकारी गराउनु हुन अनुरोध छ अन्यथा म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने र कार्यक्रम हस्तान्तरण गरी स्थगित प्रमाण-पत्र तह नर्सिङ्ग कार्यक्रम पुनः सञ्चालन प्रकृया अगाडी बढाइने व्यहोरा यस परिषद् कार्यालयको मिति २०८०/०३/२२ गतेको निर्णयानुसार सम्बन्धित सरोकारवाला सबैमा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८